**Sudurpaschim Spectrum**
A Multidisciplinary, Peer Reviewed Journal
ISSN: 3021-9701 (Print)
Published by Faculty of Humanities and Social Sciences,
Far Western University, Mahendranagar, Nepal

# पुर्चौडी क्षेत्रमा प्रचलित उखानको विषयगत वर्गीकरण

**सरिता जोशी**
विद्यावारिधि अनुसन्धानरत
सुदूरपश्चिम विश्वविद्यालय, नेपाल
saritajoshi330@gmail.com

**लेखसार**

प्रस्तुत आलेख पुर्चौडी क्षेत्रमा प्रचलित उखानहरुको विषयगत वर्गीकरण शीर्षकमा आधारित रहेको छ। अध्ययनको शोध्य समस्याको समाधानका लागी पुर्चौडी क्षेत्रमा प्रचलित उखानहरुलाई केन्द्रबिन्दु बनाएर स्थलगत सर्वेक्षण र सङ्कलन गरी विश्लेषण गरिएको छ। लोकसाहित्यको सैद्धान्तिक जगमा टेकेर पुर्चौडी क्षेत्रमा के कस्ता उखानहरुको प्रयोग गरिन्छ भन्ने पक्षको अध्ययन विश्लेषण गरिएको छ। अध्ययनलाई व्यवस्थित, प्रामाणित र गुणात्मक बनाउनका लागी सामाग्री सङ्कलन र विश्लेषण विधिको प्रयोग गरिएको छ। अध्ययनका लागी आवश्यक पर्ने सामाग्रीहरु प्राथमिक र द्धितीयक स्रोतबाट सङ्कलन गरिएको छ। लोक समुदायको भाषिक सम्पदा उखान सार्वभौम र सार्वकालिक हुने सन्दर्भको अध्ययन विश्लेषण गरिएको आलेखमा श्रुतिपरम्परामा रहेका उखानहरुको लोकविश्वासको आधारमा, नैतिक शिक्षाको आधारमा, धर्म संस्कृतिसम्बन्धी, जीवजन्तु र प्रकृतिसम्बन्धी गरी विषयगत वर्गीकरण गरिएको छ। आलेख तयार पार्दा सङ्कलित सामग्रीबाट प्राप्त तथ्याङ्कको मूल्याङ्कन र विश्लेषण गरी निष्कर्षसम्म पुग्नका लागि आगमनात्मक र निगमनात्मक दुवै विधिको प्रयोग गरिएको छ। आलेखमा उखान प्रयोगका स्रष्टा र संवाहक लोकसाहित्य कै व्यक्ति हुने भएकाले पुर्चौडी क्षेत्रका उखानहरु पनि त्यहीका जनजीवनका अभिव्यक्ति हुन्, अनुभूति हुन् भन्ने निष्कर्ष निकालिएको छ।

***मुख्य शब्दावली:*** अनुभूति, आइना, जीवन्त, वक्ता, विश्वास, संवाहक

Copyright 2023 ©Author(s) *This open access article is distributed under a **Creative Commons Attribution-Non Commercial 4.0 International (CC BY-NC 4.0) License.***

## परिचय

परम्परादेखि नै मौखिक रुपमा चलिआएको कलात्मक भाषिक अभिव्यक्तिपरक साहित्यलाई लोकसाहित्य भनिन्छ। लोकसाहित्यभित्र त्यसको स्वरुप, संरचना, धर्म, कर्म, मर्म आदि विचारहरु समेटिएका हुन्छन्। लोकसाहित्य जो सामान्य जनसमुदायमा केन्द्रित हुने, आदिम परम्परा र संस्कृतिलाई संरक्षण गरिएको ग्रामीण साहित्य हो। जुन मौखिक परम्पराबाट प्राप्त भएको हुन्छ र यसले पर्याप्त मात्रामा मनोरञ्जन प्रदान गर्दछ। लोकसाहित्यको रचनाकार अज्ञात हुने भएकोले यो कुनै व्यक्ति विशेष, समुदायविशेष, वर्गविशेष, लिङ्गविशेष, धर्मविशेष भन्दापनि समस्त लोकसमुदायले आफ्नो रचना मानेको हुन्छ। यसले व्यापक क्षेत्र ओगटेको हुन्छ र यो कुनै ग्रामीण स्थान वा सामान्य जनसमुदायमा बसोवास गर्ने सर्वसाधारण मानिसहरुबाट पुस्तान्तरण हुँदै आएको हुन्छ। यसरी लोकको भावना, विचार, संवेग, संस्कृति, सुख, दुःख, जीवन भोगाई आदिको विशेष किसिमको कलात्मक भाषिक अभिव्यक्तिलाई नै लोकसाहित्य भनिन्छ। लोकसाहित्यभित्र विविध विधा र क्षेत्रहरु पर्ने भएतापनि प्रस्तुत आलेख लोकसाहित्यको समृद्ध, बौद्धिक, मनोरञ्जनयुक्त उखानको परिचय, परिभाषा, सन्दर्भ र पुर्चौडी क्षेत्रमा प्रचलित उखानको विषयगत वर्गीकरणमा आधारित/सिमित रहनेछ।

लोकसमुदायमा परम्परादेखि चलिआएको, लोकका व्यक्तिको विशिष्ट भाषिक अभिव्यक्तिलाई उखान भनिन्छ। उखान लोकसाहित्यको एक स्वतन्त्र विधा हो। मानव जीवनमा देखेका, सुनेका, भोगेका, अनुभव, अनुभूति गरेका घटनाहरु उखानका रुपमा आउँछन्। उखानहरु ठाउँ, परिवेश र स्थान अनुसार फरक-फरक हुन्छन्। उखानले शिक्षा, उपदेश, सन्देश दिन्छन् भने थोरै शब्दमा धेरै अर्थ र मार्मिक भावहरु बोकेका हुन्छन्। उखान लोकजीवनका अनुभवहरुबाट सिर्जित हुने भएकाले जनजीवनकै अभिव्यक्ति हुन् भन्न सकिन्छ। लोक समुदायको भाषिक सम्पदा उखान सार्वभौम र सार्वकालिक हुन्छ। यो सरल, संक्षिप्त, जीवन्त र बहुअर्थी वाक्यस्तरको संरचना हो र उखानको रचनाकार सधै अज्ञात रहन्छ। लोक समुदायले व्यक्त गर्ने लोकसाहित्यको एक महत्वपूर्ण र रोचक विधा उखान छोटो, मिठो र विशिष्ट प्रकारको हुने गर्दछ। व्यक्ति-व्यक्तिहरुबीच विचार सम्प्रेषण गर्ने क्रममा बीच-बीचमा उखानको प्रयोग गरिने भएकोले यसले भाषामा मिठास थपेको हुन्छ। बोलीचालीको भाषामा प्रयोग गरिने उखानहरुबाट ज्ञान, संस्कार, शिक्षाजस्ता सामाजिक व्यवहार सिकिने गर्दछन्। परम्परादेखि नै एकपुस्तादेखि अर्को पुस्तामा हस्तान्तरण हुँदै आएका उखानहरु समयक्रमअनुसार तिनले दिने अर्थ, भाव र ज्ञानका आधारमा थपिने र लोप हुने क्रम चलिरहेको हुन्छ। उखान सानोदेखि ठूलो आयामको हुने भएपनि यो विशेषगरी वाक्यस्तरमा प्रयोग गरिन्छ।

उखान लोकसमुदायका व्यक्तिले मौखिक रुपमा प्रयोग गर्ने भएकोले यसको कुनै पनि लिखित संरचना छैन। सुदूरपश्चिम प्रदेशमा पनि ठाउँ, स्थान र परिवेश अनुसार फरक-फरक प्रकारका उखानको प्रयोग गरिएको पाइन्छ। बैतडी जिल्लाको पुर्चौडी क्षेत्रमा उखानलाई आइन भन्ने गरिन्छ। कुनै पर्वविशेषमा, महिलाहरु समूहमा मेलापात गएका बेला, बिहे, ब्रतबन्धमा र खासगरी लोकसमुदायका व्यक्तिहरु जम्मा भएको स्थानमा प्रसङ्ग र सन्दर्भअनुसार उखानको प्रयोग गरिन्छ। यसरी समूहमा प्रयोग गरिने उखानबाट ज्ञान,

संस्कार, हाँसो, ठट्टा, रमाइलो र पर्याप्त मात्रामा मनोरञ्जन पनि प्राप्त गर्न सकिन्छ । उखान अन्य विधाजस्तै लोकसाहित्यको स्वतन्त्र, महत्वपूर्ण र समृद्ध विधा हो । यसरी प्रस्तुत आलेखका लेखक स्वयंम् पुर्चौंडी क्षेत्रको लोकसमुदायको बासिन्दा र सोही क्षेत्रको भाषाको वक्ता र संवाहक भएकाले आफ्नै प्रयासबाट श्रुतिपरम्परामा रहेका उखानहरुको सङ्कलन गरी विषयगत वर्गीकरणका आधारमा विश्लेषण गर्ने प्रयास गरिएको छ ।

प्रस्तुत अध्ययन पुर्चौंडी क्षेत्रमा प्रचलित उखानको विषयगत वर्गीकरणको मूल समस्यामा केन्द्रित रहेको छ । यस मूल समस्यासँग सम्बन्धित भएर आउने प्रश्न निम्नानुसार निर्धारण गरिएको छ :

**क) पुर्चौंडी क्षेत्रमा प्रचलित उखानहरुलाई विषयगत आधारमा के–कसरी वर्गीकरण गर्न सकिन्छ ?**

प्रस्तुत अध्ययन पुर्चौंडी क्षेत्रमा प्रचलित उखानको विषयगत वर्गीकरणको समस्याकथनमा उल्लेखित प्रश्नमा केन्द्रित भई यसै समस्याको प्राज्ञिक समाधान गर्नु नै मुख्य उद्देश्य रहेको छ । यसै मुख्य उद्देश्यलाई परिपूर्ति गर्नका निम्ति निम्न उद्देश्य अवलम्बन गरिएको छ :

**क) पुर्चौंडी क्षेत्रमा प्रचलित उखानहरुलाई विषयगत वर्गीकरणका आधारमा विश्लेषण गर्नु ।**

पुर्चौंडी क्षेत्रमा प्रचलित उखानहरु प्राज्ञिक अध्ययनका दृष्टिले अध्ययनीय विषय रहेको देखिन्छ । प्रस्तुत अध्ययनमा लोकसाहित्य परम्परामा आधारित रहेर पुर्चौंडी क्षेत्रमा प्रचलित उखानहरुको विषयगत वर्गीकरणका दृष्टिले अध्ययन गरिएको छ । पुर्चौंडी क्षेत्रमा प्रचलित उखानअन्तर्गत विषयगत वर्गीकरणका आधारमा केन्द्रित हुनु यस अध्ययनको क्षेत्रगत सीमा हो भने पुर्चौंडी क्षेत्रका प्रचलित उखानहरुलाई चिनाउन उखानको परिचय, परिभाषा र विशेषताहरुको खोजी गर्नु सैद्धान्तिक सीमा हो । पुर्चौंडी क्षेत्रमा प्रचलित उखानहरुमा केन्द्रित रहेर अन्य विविध शीर्षक र विषयवस्तुको अध्ययन, व्याख्या र विश्लेषण गर्न सकिने पर्याप्त आधार भएपनि प्रस्तुत आलेखमा उखानको सैद्धान्तिक अवधारणा, मान्यता, दृष्टिकोण, समाजमा प्रचलित उखानको वर्गीकरणका आधारमा केन्द्रित रही पुर्चौंडी क्षेत्रमा प्रचलित उखानको विश्लेषण र मूल्याङ्कन गरिनुलाई यस अध्ययनको सीमाङ्कन मानिएको छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययनलाई व्यवस्थित, प्रामाणिक र गुणात्मक बनाउनका लागि सामाग्री सङ्कलन तथा विश्लेषण विधि आवश्यक हुन्छ । आलेखलाई व्यवस्थित, प्रमाणित र गुणात्मक बनाउन सामग्री सङ्कलन तथा विश्लेषण विधिको प्रयोग गरिएको छ । अध्ययनका लागि आवश्यक पर्ने सम्पूर्ण सामग्रीहरु प्राथमिक र द्धितीयक स्रोतबाट सङ्कलन गरिएको छ । प्राथमिक स्रोतका रुपमा क्षेत्रगत अध्ययन भ्रमण गरी पुर्चौंडी क्षेत्रमा प्रचलित उखानलाई लिईएको छ । यसका अतिरिक्त लोकसाहित्यसम्बन्धी पर्ने उखानको सैद्धान्तिक पर्याधारका लागि उखानसँग सम्बन्धित सैद्धान्तिक पुस्तकहरु, अनुसन्धानात्मक लेखहरु, जर्नल र शोधहरु पुस्तकालयीय स्रोतबाट द्धितीयक सामाग्रीको रुपमा प्रयोग गरिएको छ । प्रस्तुत अध्ययनको शोध्य समस्याको समाधानका

लागि लोकसाहित्यअन्तर्गत पर्ने उखान विधामा केन्द्रित रही पुर्चौंडी क्षेत्रमा प्रचलित उखानको विषयगत वर्गीकरणलाई आधार बनाइएको छ र सैद्धान्तिक उपकरणको प्रयोग गरी उखानहरुको विश्लेषण गरिएको छ। अध्ययनमा उखानसम्बन्धी विषयगत वर्गीकरणका लागी लोकविश्वास सम्बन्धी उखान, प्रकृतिजगत्‌सम्बन्धी उखान, कृषि व्यवसायसम्बन्धी उखान, नैतिक शिक्षामुलक/उपदेशमुलक उखान, धर्म संस्कृतिसँगसम्बन्धित उखान, ज्ञानसम्बन्धी उखानहरुका मान्यताका आधारमा विस्तृत, सघन र सूक्ष्म अध्ययन गरी मूल समस्याको प्राज्ञिक समाधानमा पुगिएको छ। सङ्कलन गरिएका सामग्रीको सैद्धान्तिक पर्याधारका लागि पुस्तकालयीय स्रोतको प्रयोग गरेर उखानको व्याख्याका लागि अध्ययन विधि र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ। यसरी आलेख तयार पार्दा सङ्कलित सामग्रीबाट प्राप्त तथ्याङ्कको मूल्याङ्कन र विश्लेषण गरी निष्कर्षसम्म पुग्नका लागि आगमनात्मक र निगमनात्मक दुवै विधिको प्रयोग गरिएको छ।

## नतिजा तथा छलफल

लोकसाहित्यमा उखानहरुको विशेष महत्व रहेको देखिन्छ। संस्कृतको उपाख्यान शब्दबाट विकसित भएको उखानलाई नेपालीमा लोकोक्ति र आहान भन्ने प्रचलन रहेपनि डोटेलीमा किस्सा/आइना भन्ने गरेको पाइन्छ। पुर्चौंडी क्षेत्रमा उखानलाई आइन भन्ने प्रचलन रहेको छ। उखान, किस्सा, आइन फरक फरक नामले सम्बोधन गरेपनि यो लोक जनसमुदायमा युगौँयुगदेखि जीवन र जगत्‌बाट प्राप्त व्यवहारिक ज्ञान वा ग्रामीण कटु अनुभव, भोगाई र अनुभूतिबाट सिर्जित मनोरञ्जनपूर्ण विधा हो। उखान संस्कृतको उपाख्यानःबाट विकसित हुदैं आएको नेपाली शब्द हो। संस्कृतको उपाख्यानबाट प्राकृतमा उक्खाणः नेपालीमा उखान बन्न पुगेको पाइन्छ। (पराजुली र गिरी,२०६८,पृ ३१२) उखानका अध्येताहरुले उखानलाई विभिन्न किसिमले परिभाषित गरेका छन्, उखानकै सन्दर्भमा कृष्णप्रसाद पराजुलीको धारणा यस्तो रहेको छ, कुनै पनि भाषामा प्रचलित उखानहरुले त्यहाँको जीवनशैली, रहनसहन, रीति रिवाज, जाति, धर्म, पेशा, आस्था, विश्वास, इतिहास, घटना आदि विविध पक्षको यथार्थ चित्र बोकेका हुन्छन्। (पृ.४२) बालकृष्ण पोखरेलले उखानलाई मौलिक वाणीहरु र लोकमान्यता प्राप्त महापुरुषहरुका सुक्ति भनेर आफ्नो धारणा प्रस्तुत गरेका छन्। (पृ.११९) उखानले समाजको वास्तविक प्रतिबिम्ब झल्काएको हुन्छ। उखानभित्रै समाजको सम्पूर्ण इतिहास लुकेको हुन्छ र लोकजीवनसङ्ग यसको घनिष्ट सम्बन्ध रहेको हुन्छ।

> उखान लोकसाहित्यको एक स्वतन्त्र र महत्वपूर्ण विधा हो। उखानलाई ज्ञान र अनुभवको खानी मानिन्छ। उखान वाक्यस्तरको संरचना भएकोले लोकसाहित्यका अन्य विधा र लिखित साहित्यमा पनि प्रमाण, तर्क र दृष्टान्तका रुपमा प्रयोग भई आएका छन्। बोलीचालीमा उखानलाई प्रयोग गर्दा कथन अझैं प्रभावकारी हुने हुँदा उखान भाषाका गहना मानिन्छन्। (लामिछाने, २०७७, पृ.४५०)

अन्य विधाजस्तै उखान लोकसाहित्यको एक स्वतन्त्र, समृद्ध र महत्वपूर्ण विधा हो। वाक्यस्तरमा प्रयोग हुने उखानले ज्ञान, उपदेश, शिक्षा, संस्कार र मनोरञ्जनजस्ता क्षेत्र ओगेटेका हुन्छन्। उखान मानवीय ज्ञानको घनीभूत  रत्न हो जसलाई बुद्धि र अनुभवका किरणहरुबाट निस्केको ज्योती प्राप्त हुन्छ भन्ने धारणा

वासुदेवशरण अग्रवालको रहेको पाइन्छ। (थापा र सुवेदी, सन् १९८५,पृ ४११) यसरी उखानहरु लोक समुदायले आर्जित गरेका लोकका अमूल्य सम्पति हुन् जो कहिले नास भएर जादैनन्, लोकसमुदाय जिवित रहँदासम्म रहिरहन्छन् । डोटेली उखान : एक चर्चा लेखमा जगदीश ओभा लेख्नुहुन्छ : 'उखान भाषामा प्रयुक्त हुने त्यस्ता उक्ति वा कथन हुन् जो लाक्षणिक तथा सुत्रका रुपमा प्रयुक्त गरिन्छन् । लोकोक्तिहरुले गहिरो अर्थ दिन्छन्, मौखिक वा लिखित जुनसुकै रुपमा प्रयोग गरिए तापनि तिनको आफ्नै ओज हुन्छ। भाषिक मर्म, रससजीवता तथा प्रवाहलाई भार प्रदान गर्ने उखानको आफ्नै स्थान छ।' उखानको कुनै लिखित इतिहास र दस्तोवज छैन, जुन मौखिक रुपमा नै परम्पराबाट हस्तान्तरण हुँदै आएका छन् र बोलीचालीको रुपमा पुस्ता दरपुस्ता सम्म फैँलिएको हुन्छ।

उखानले अभिधा अर्थका साथसाथै लक्षणा र व्यञ्जना अर्थ पनि बोध गर्ने हुनाले बोलीचालीको प्रयोगमा मनोरञ्जनात्मक प्रभाव मात्र पारेको हुदैँन, महिलालाई अपमानित गर्ने खालका पनि देखिन्छन् । "महिलालाई वस्तुका रुपमा प्रयोग गर्ने, दुई अर्थी भएका,  अश्लील, यौनिक तत्वहरु समावेश भएका उखानहरु प्रशस्त छन् । यस्ता उखानले महिलालाई मनोरञ्जन, भोगको समान बनाउदै तल खसालेर हियाँयछन् । सामन्तीकालीन संस्कृतिलाई भल्काउने र कुरीतिलाई प्रश्रय दिने उखानहरु अहिले पनि सुनिन्छन् ।"( उप्रेती २०७७ असोज २६, अनलाइनखबर ) लोप हुने स्थितिमा रहेका अधिकांश उखानहरु संरक्षण, सम्वर्द्धन गर्न सके ती समाजका लागि गहना सावित हुनेछन् तर कुनै पनि जाति, वर्ग, समुदाय वा लैङ्गिक कारणले आँच आउने उखानहरु प्रश्रय नदिनु नै आवश्यक हुन्छ। लोकअनुभवबाट खारिएको उपदेशात्मक, सन्देशात्मक र परिपक्व लोकरचना उखानको रचनाकार लोकजनसमुदाय नै हो, प्रयोगकर्ता पनि लोक समुदाय नै हो । सामान्य सत्य प्रस्तुत गरिएको छोटो र सारगर्भित भनाईलाई उखान भनिन्छ। यसरी उखान लोकअनुभवबाट खारिएर पुस्तान्तरण हुँदै आएको ज्ञान र बौद्धिकतायुक्त विधा हो । लोक समुदायको भाषिक सम्पदा उखानमा समुदायको विचार, विश्लेषण, अनुभव, अनुभूति, हाँसो, आँसु आदिको यथार्थ प्रस्तुत भएको हुन्छ।

थोरै शब्दमा धेरै अर्थ र भाव बोकेका किवंदन्तीसँग शिक्षा, उपदेश र सन्देश दिने उखान सार्वभौम र सार्वकालिक हुन्छन् । यसै सन्दर्भमा वासुदेव भाइसाव लेख्नुहुन्छ :

> "डोट्याली समुदायमा अन्य समुदायको जस्तै फुर्सदको समय बिताउन र मनोरञ्जनका लागि किस्सा भन्ने, बौद्धिक कसरत गराउने खालका प्रश्नहरुको माध्यमबाट बुद्धि परीक्षण गर्ने चलन समाजमा परम्परित छ। श्रमिक र विपन्न वर्गका गाउँलेहरुलाई हिउँदको जाडो र लामा रात काट्न ज्यादै मुस्किल पर्ने भएकाले रात्रिको समय बिताउन आगो बालेर वारिपरि बस्ने, धुर ताप्ने, समय अनुकुल किस्सा कथा भन्ने चलन रहिआएको छ। विपन्नताको कठिन क्षणहरुलाई दुःख र दर्दहरुलाई कथा, किस्सा र ऐनाबातैका माध्यमद्धारा मनोरञ्जन गरेर आनन्द र सुखानभुति प्राप्त गर्ने प्रयत्न गर्नु गाँउले जीवनको कुटसत्य हो ।"

दैनिक कार्यबाट फुर्सद मिलेपछि लोकसमुदायका व्यक्तिहरुले रात्री समयमा आगोको वरिपरि झुम्मिएर आइना, वातै भन्ने र हाल्ने प्रचलन परम्परादेखि नै रहिआएको पाइन्छ। मानव जीवनका अनुभव, अनुभुति र संवेगसँग निकट आइन, वातैहरुले दुःख, पिडा र अभावलाई बिर्साएर मनोरञ्जन, आनन्द र ज्ञान प्रदान गर्दछन्। आइन, वातै रात्रीकालीन प्रहरमा मात्रै हाल्नुपर्ने, दिउँसो हालेमा आँखा फुट्छन् भन्ने लोकमान्यता पनि सुदूरपश्चिममा प्रचलनमा रहेको विचार भाइसावले व्यक्त गर्नुभएको छ। यसरी हेर्दा उखान लोकसाहित्यको समृद्ध विधा हो। जसले समाजमा उपदेश मात्रै नभई कटुसत्यहरुलाई सङ्क्षेपमा व्यक्त गर्ने सामर्थ्य बोकेको हुन्छ। उखानलाई परिभाषित गर्ने सन्दर्भमा सत्यमोहन जोशी लेख्नुहुन्छ "उखान भनेको पदलालित्यले हिसी परेको लाक्षणिक भावपूर्ण भएको एक लोकोक्ति हो। यसको व्यवहार समाजमा शिक्षित, अशिक्षित, बुढाबुढी देखि लिएर केटाकेटी सम्ममा एकनासले हुन्छ। एक किसिमले उखान भनेकै एक हृदयकोश हो, जसको प्रयोग ठाँउ र बेला हेरी हुन्छ।" उखानले भाषाको विलक्षण र चमत्कारपूर्ण अर्थ प्रदान गर्नका साथै भाषालाई रोचक बनाउनमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ र भाषिक अभिव्यक्तिमा उखानको महत्वपूर्ण स्थान रहेको देखिन्छ। उखानलाई वाक्यसंरचनाबाट हटायो भने वाक्यका अर्थगाम्भिर्य र स्वरुप नै भताभुङ्ग हुन जान्छ। (रसाइली सन् २०१७, पृ. १४) "साहित्यिक भाषाको भण्डारमा अमूल्य रत्न तथा मणिको रुपमा परिचित उखानले स्थानीयदेखी राष्ट्रिय अन्तर्राष्ट्रिय विषयलाई समेट्दै आएरहेको छ। पिता पुर्खादेखी नै चल्दै आएका भाषका प्राणवायु ठानिने यो बिषय सबै जीवन्त भाषाका उज्जल सङ्केत मानिन्छन्। खानामा चटनी भनेझै उखान भाषिक चटनी हुन्। (ज्ञवाली, कार्तिक १, २०७९)

रचनाकार अज्ञात रहने सरल, संक्षिप्त र जीवन्त अभिव्यक्ति प्रस्तुत गर्ने उखान बच्चादेखि बृद्ध बृद्धासम्म सबैको मन पर्ने विधा हो। सूत्रात्मक, छोटो र वाक्यस्तरको संरचना हुनु उखानको मूल पहिचान हो र यो लोक समुदायको सामूहिक सिर्जना हो।

> "थोरैमा धेरै अर्थ दिने कुरा भन्नु उखानको विशेषता हो। उखानहरु जीवन्त हुन्छन्। सान्दर्भिक प्रयोगले गर्दा कथ्य तथा लेख्य दुवै भाषालाई उखानले जीवन्त बनाउँछन्। वार्तालापमा व्यञ्जना र चमत्कार ल्याउन उखानको प्रयोग गरिन्छ भने लेखनशैलीलाई वजनदार र प्रभावोत्पादक बनाउनका लागि पनि उखानको प्रयोग हुन्छ। (बन्धु, २०७४, पृ. ३३४)

थोरै शब्दमा धेरै अर्थ बोकेको र गहन भाव व्यक्त गर्ने उखानहरु लोकसमुदायका सम्पदा, सम्पति र गहना हुन्। उखानले लोकसमुदायको व्यक्तिका जीवनको सत्य र अनुभवले खारिएको ज्ञानको उद्घाटन गर्दछ र पुस्तौंपुस्तासम्म जीवन्त, लोकप्रिय रुपमा लोकसमुदायबीच स्थापित भइराख्छ। उखान थोरै शब्दमा धेरै अर्थ र भाव बोक्ने स्रोताको मन, मुटु र मस्तिष्कमा गहिरो छाप छोड्ने र केही न केही सन्देश दिने लोकप्रिय विधा हो, जसले भाषालाई मिठासयुक्त बनाएर अविधा, लक्षणा, व्यञ्जनात्मक अर्थ प्रदान गर्दछ।

> उखानलाई डोटेलीमा किस्सा भन्ने गरिन्छ। यी किस्साहरु जनमानसमा युगौंयुगदेखिको जीवन र जगत्बाट प्राप्त व्यावहारिक, सत्य एवम् यथार्थपरक कटु अनुभवहरु हुन्। आफ्नो अभिव्यक्तिगत

> विलक्षणताका कारण समस्त जनसमुहबाट स्वीकृति प्राप्त अभिव्यक्तिहरु नै लोकोक्ति हुन जान्छन् । प्रारम्भमा व्यक्ति विशेषद्धारा प्रयुक्त यी किस्साहरु कालान्तरमा समस्त समूहद्धारा स्वीकृत गरिएपश्चात् उक्त उक्ति लोकजीवनमा सार्वजनिक भई किस्साको रुप धारण गर्न पुग्दछन् । (रावल, २०७२, पृ.३५६)

उखानलाई विभिन्न भाषामा विभिन्न नामले सम्बोधन गरे पनि डोटेलीमा उखानलाई किस्सा, आइन, आइना नामले चिनिन्छ । उखानमा मानव जीवन जगत्का अनुभव, अनुभुति, दुःख, सुख आदि संवेगहरुको प्रस्तुति भए तापनि महिलाद्धेषी र महिलालाई होच्याउने खालका उखानहरु अझैपनि नेपाली लोकसमुदायमा प्रचलनमा रहेकै छन् । उखानमा थुप्रै ठाउँमा महिलालाई होच्याउने र तल्लो दर्जाको रुपमा प्रस्तुत गरेको पाइन्छ । उखानलाई लोकजीवनमा चलेका मीठा चुट्किला नै मान्दामान्दै पनि महिलालाई अपमान गर्ने उखानहरुले भने चरम रुपमा लैङ्गिक विभेद गरेको पाइन्छ भन्ने धारणा विराट अनुपमको रहेको छ ।

> नेपाली भाषमा थुप्रै उखान टुक्का विभेदकारी छन्, तिनले महिलाको अपमान गर्छन् । जब कुनै व्यक्तिले गाली गर्दा हदैसम्मका नीच शब्दमा उसकी आमाको अपमान गरिरहेको हुन्छ । जुन अहिलेको समाज र परिप्रेक्ष्यमा महिलाको आत्मसम्मानमा ठेस पुर्याउने खालका छन् । छोरीको जन्म, हारेको कर्म । खुट्टा भए जुत्ता कति कति । मर्दका हजारवटी । (लम्साल, २०८०)

पुरुषसत्तात्मक समाजमा महिलाहरुलाई होच्याउने र उनीहरुको अस्तित्वमाथि प्रहार गर्ने कार्यमा अझै पनि कमी आउन सकेको छैन । यो पुरातनवादी पुरुष मानसिकता, कुत्सित र कुण्ठित विचारको परिणाम हो । यस्ता उखानलाई अबको समयमा प्रश्रय दिनु हुदैँन । आइनहरु वृद्धवृद्धा, युवापुस्ता सबैको मनोविनोदको विषय बनेका हुन्छन् । जीवन र जगत्मा घटित कुनै घटना विशेषबाट प्राप्त अनुभव नै एउटा सिकाई वा भोगाईका रुपमा किस्साको /उखानको रुप लिने गर्दछन् । यसरी सार्वकालिकता, संक्षिप्तता, जीवन्तता, सन्दर्भपरता, सन्देशमुलकता, उपदेशात्मकता, ज्ञानपरक रुपमा लोकसमुदायमा मौखिक र पारम्परिक रुपमा पुरस्तान्तर हुँदै आएको लोकप्रिय विधा उखान हो ।

**पुर्चौडी क्षेत्रमा प्रचलित उखानहरुको विषयगत विश्लेषण**

उखान कुनै न कुनै विषयमा भनिएको हुन्छ वा केही मौखिक विचारहरु सम्प्रेषण गर्नका लागि नै उखानको प्रयोग गरिन्छ । विषयका आधारमा उखानहरुलाई लोकविश्वास सम्बन्धी उखान, नैतिक/शिक्षामुलक उखान, कृषि व्यवसायसम्बन्धी उखान, धर्म संस्कृति सम्बन्धी उखान, स्थान सम्बन्धी उखान, प्रकृतिसँग सम्बन्धित उखान गरी वर्गीकरण गर्न सकिने आधार भए पनि प्रस्तुत आलेखमा लोकविश्वाससम्बन्धी, जीवजन्तु र प्रकृति जगत्सम्बन्धी, नैतिक शिक्षासम्बधी, धर्म र संस्कृतिसम्बन्धी उखानहरुको मात्र विश्लेषण गरिएको छ ।

**लोकविश्वास सम्बन्धी उखान**

लोक समुदायका व्यक्तिहरुको विश्वास नै लोकविश्वास हो । ग्रामीण समुदायका व्यक्तिहरुले लोकको मान्यताप्रति विश्वास राखेका हुन्छन् । भगवानप्रति भरोसा, कुलदेवताको आराधना, समाजमा परम्परादेखि भाग्यमा विश्वास गर्ने मान्यता आदिमा लोकका व्यक्तिले विश्वास गरेका हुन्छन् । त्यस्ता विश्वासहरु सबै ठाँउ र स्थानमा एकै प्रकारको हुँदैनन् । पुर्खाहरुद्धारा चालचलनमा रहेका मूल्य-मान्यतालाई अनुज पुस्ताहरुले पनि समर्थन गर्दै आएका हुन्छन् । लोकविश्वासम्बनधी केही उदाहरण :

१) आफु नमरी स्वर्ग देखिन्न् ।

२) एकै दिनो पौनो, दोस्रो दिनो धपौनो ।

३) आफू भलो त जगत् भलो ।

४) पाप धुरीबठे करान्छ ।

५) बस्या ठौर दुबोईलै उमाद्यु ।

६) भाग्यमानी चेलाका, भुत कमारा ।

७) बुढो मर विद्या सर ।

८) ढुङ्गा भरो माटो, माटा भरो ढुङ्गो ।

९) काना गोरुकी औँसी न पुन्यु ।

१०) अङार खान्या पेट कालो ।

११) सबै तौड हमले दौड ।

१२) सिकाया स्याल पराल खानान् ।

लोकसमुदायमा परापूर्वकालदेखि सामाजिक भनाइहरुमा विश्वास गरिन्छ । जुन व्यावहारिक, उपदेशात्मक सत्यमा आधारित लोक समाजमा प्रचलित मूल्य-मान्यताका प्रतिबिम्ब हुन् । दिउँसो भरी काम गरेर रात्रीकालीन प्रहरमा उखानले मनोरञ्जन प्रदान गर्नुका साथै थकान हटाउँछ र एक्लिदैँ र टाढिदैँ गएका सामाजिक व्यक्तिहरुलाई पनि एकढिक्का बनाएर राख्दछ । समूहमा भनिने उखानले व्यक्तिको ज्ञान बढ्नुका साथै नयाँ पुस्तामा पनि हस्तारण हुँदै जान्छ । लोकविश्वाससम्बन्धी माथिका १) उखानले आफूलाई नपर्दासम्म केही थाहा नहुने कुराको सङ्केत गरेको छ । जसले प्रतीकात्मक रुपमा मृत्यु र स्वर्गको कुरा उठाएर हरेक समस्याको सङ्केत गर्न खोजेको देखिन्छ । २) एकदिन अर्काको घरमा आश्रय लिँदा मिठो मिठो खानेकुरा खान पाइने, राम्रो स्वागत, सत्कार र सम्मान पाइने तर दिनदिनै पाहुना बस्न खोजेमा हेलाको पात्र बन्नुपर्ने विचारको उद्घाटन गरिएको छ । ३) आफू व्यवहार र सोच राम्रो भएपछि संसारका हरेक व्यक्ति राम्रा हुन्छन् । समाजमा आफूप्रति अरुले कस्तो व्यवहार गर्छन् भन्ने कुरा आफ्नो व्यवहारमा निर्भर रहेको हुन्छ

भन्ने कुराको सङ्केत गरेको छ। ४) आफुले जस्तो व्यवहार गऱ्यो त्यस्तै फल प्राप्त हुने भएकोले सकेसम्म हरेक व्यक्तिसँग राम्रो व्यवहार मात्र गर्नुपर्ने सन्देश प्रस्तुत भएको पाइन्छ। ५) आफू बसेको ठाँउमा खाली, रित्तो, उजाड राख्नुभन्दा अन्य बोट बिरुवा रोप्नु र अरु जटिल कर्म गर्न नसके पनि दुबोचाहिँ उमार्नु पर्दछ भन्ने लोकविश्वास रहेको देखिन्छ। ६) जसको भाग्यमा भावीले राम्रो लेखिदिएकी हुन्छिन्, उसलाई कसैले पनि हानी गर्न नसक्ने र भूत पिसाचजस्ता डरलाग्दा ठानिएका वस्तुहरुले उक्त व्यक्तिका नोकर र सहयोगी भएर बस्ने विश्वास व्यक्त भएको पाइन्छ। ७) रोग,  भोक, शोक या उमेरले वृद्धवृद्धाहरुले एकदिन मर्नु नै पर्ने हुन्छ तर बुढो मरेपनि विद्या कहिल्यै नमर्ने र एकपुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुने हुनाले विद्या अमर हुने सङ्केत गरेको छ।  ८) कुनै पनि वस्तुलाई सानो या ठुलो ठान्नु नहुने जुनसुकै वस्तु भए पनि एकअर्कालाई आड, भरोसा, साहस र बाँच्नका लागि सहयोगी बन्ने विश्वास व्यक्त गरिएको छ। ९) आँखा नदेख्ने गोरुसँग मानिसलाई तुलना गरेर औँसी या पूर्णिमा जे भए पनि एकै प्रकारको व्यवहार उसले गर्ने र सबै वस्तुलाई समान देख्ने सङ्केत गरेको छ। १०) जो व्यक्ति आफूजस्तो विचार, आचरण र व्यवहारको हुन्छ उसले अरुलाई पनि उस्तै नजरले हेर्छ भन्ने विश्वास लोकसमुदायको रहेको देखिन्छ। ११) सन्दर्भ र प्रसङ्ग केही पनि नबुझीकन अरु व्यक्तिहरुलाई दौड्न देखेर आफू पनि तिनीहरुको पछि पछि लाग्नु भन्ने सङ्केत गरेको छ। १२) आफ्नो बुद्धि, विवेक, र दिमागले केही पनि गर्ने सामर्थ्य नभएको तर अरुले जस्तो सिकायो, अह्रायो त्यो सही गलत नछुट्याई त्यस्तै गर्ने आचरण गर्ने  व्यक्तिलाई उक्त उखानले सम्बोधन गरेको छ।

**नैतिक शिक्षासम्बन्धी उखान**

नैतिक शिक्षालाई लोकसमुदायले विश्वास र अनुसरण गर्दछ। उखानलाई उखानका रुपमा मात्र, मनेरञ्जनका रुपमा मात्र नहेरेर त्यहाँबाट केही न केही शिक्षा प्राप्त गर्ने गर्दछन्। नैतिक उखानहरुले मानिसलाई सत्मार्गमा हिड्न सिकाउन तथा सत्कर्म गर्न प्रेरणा प्रदान गर्दछ। यसरी नेपाली समाजले परापूर्वकालदेखि नैतिकवान्, आदर्शवान् र चरित्रवान् हुनुपर्छ भन्ने सन्देश एकपुस्ताबाट अर्को पुस्तामा सिकाउदैँ आएको छ। यस्ता नैतिक, शिक्षामूलक उखानले व्यक्तिमा सकारात्मक प्रभाव पार्दछ।

**केही उदाहरण** :

१) अपुरी विद्या, जियो काल।

२) अल्सिका सात घर बाँझा।

३) कि पढेर जानिन्छ की परेर जानिन्छ।

४) कोई दिन सासूका कोइ दिन ब्वारीका।

५) रीन लागौँ दिन नलागौँ।

६) भुक्दे कुकुर काट्टो नाई।

७) जै को बुढो बौलियो उईको कुडो बौलियो।

८) झिक्कै उमले कौल झान्छ।

९) पाप धुरी बठे करान्छ।

१०) आँखा झाड गाड्डाकी लै अर्को मान्सु चाइन्छ।

लोकसमुदायका अधिकांश व्यक्तिहरु निरक्षर भए पनि परम्परा देखि चलिआएका मूल्य, मान्यता र संस्कारका कारणले उनीहरुलाई जीवनसम्बन्धी धेरै कुराको ज्ञान हुन्छ। नैतिक शिक्षामूलक ज्ञानको कारणले सही मार्गमा हिड्न सिकाउँछ। १) पढेलेखेको तर पुरै विद्या प्राप्त गर्न नसकेको व्यक्तिलाई जनाउँछ। पुरै विद्या प्राप्त गर्न नसक्दा आफैँलाई हानी हुने विचार व्यक्त गरिएको छ। २) लोक समुदायका व्यक्तिले अल्छी गर्न नहुने र आफ्ना कार्यमा लागि पर्नुपर्ने हुन्छ। व्यक्ति आफ्नो कर्मप्रति सजग नभएर अल्छि भयो भने जति नै सुन्दर र राम्रा घर बनाए पनि बाफैँ पर्ने सङ्केत गरेको छ। ३) लोकसमुदायमा पढेका भन्दा परेका व्यक्तिको बाहुल्यता हुन्छ। सहज जीवन बाँच्नका लागी धेरै कुराहरु पढेर नै जानिन्छ तर कहिलेकाही आफूमाथि परेका समस्या, अप्ठ्यारा र चुनौतीहरुले पनि ठुलो पाठ सिकाएर जान्छन् र बाँच्नका लागी थप उर्जा दिएर जान्छन् भन्ने सन्देश दिएको छ। ४) मान्छेले सुखमा मात्तिनु पर्ने र दुःखमा आत्तिनु पर्ने गर्नु हुँदैन, समय परिवर्तनशील छ। सबैका दिन एक न एकपटक आउने हुनाले अरु व्यक्तिमाथि आफ्नो हैकम चलाउन नहुने सन्देश दिएको छ। ५) रिनले व्यक्तिलाई डुबाउँदैन गाह्रो भए पनि एक न एकदिन तिर्न सकिन्छ तर व्यक्तिलाई दुःख, अभाव र ठुलो संकटको सामना कैले गर्नु नपरोस् भन्ने शिक्षा दिएएको छ। ६) बाहिर धेरै बोल्ने र विचार व्यक्त गर्ने व्यक्तिले अरुको हानी नगर्ने तर जो सोझो सामान्य देखिन्छ, जसले मनमा कुरा बोकेर हिड्छ, चाकडी र चाप्लुसी गर्न जान्दछ, उसले अरुको अहित गर्छ भन्ने शिक्षा प्रदान गरेको छ। ७) जुन घरमा वृद्धवद्धा वा अग्रज पुस्ताको व्यवहार राम्रो हुँदैन, उनीहरुले सन्तानप्रतिको जिम्मेवारी पनि पुरा गर्न सक्दैँनन् वा गतिलो संस्कार दिन सक्दैँनन् भने त्यो घर घरजस्तो रहन्न किचलो भइरहन्छ। ८) दूध उम्लिएपछि आगोमा नै जान्छ भन्ने लाक्षणिक अर्थ बोकेको उक्त उखानले म नै धेरै जान्ने हुँ अरुको भरोशा नै नगरी आफ्नै ढिपी कस्ने व्यक्तिलाई सङ्ककेत गरेको  छ। त्यस्तै मेरो गोरुको बाह्रै टक्काजस्तो ढिपी कसेमा आफैँलाई हानी हुने नैतिक शिक्षा दिएको छ। ९) अरुलाई अहित गर्नु नहुने र सत्मार्गमा हिड्नुपर्ने लक्ष्यार्थ बोकेको उखानले गल्ती गरेमा त्यसको सजाय आफूले नै भोग्नुपर्ने विचारको सङ्केत गरेको छ। १०) समाजमा बसिसकेपछि व्यक्तिले म एक्लै बाँच्न सक्छु भन्ने घमण्ड गर्न नहुने र सामान्य अप्ठ्यारामा पनि अर्को व्यक्तिले साथ सहयोग चाहिने नैतिक शिक्षा प्रस्तुत गर्न खोजिएको छ।

### धर्म, संस्कृतिसम्बन्धी उखान

लोकसमुदायका व्यक्तिहरु आफ्नो धर्म र संस्कृतिप्रति निकै आस्था राख्छन्। पुर्चौडी क्षेत्रमा बसोबास गर्ने व्यक्तिहरु पनि आफ्नो धर्म, संस्कृति, मूल्य मान्यता र परम्परागत संस्कारप्रति अगाध आस्था, विश्वास र भरोशा राख्छन् र त्यही अनुसार निष्ठापूर्वक, श्रद्धापूर्वक कर्महरु गर्ने प्रयत्न गर्दछन्। पुर्चौडी क्षेत्रमा प्रचलित तलका उखानहरुबाट पनि यस्ता कुराहरुको पुष्टि हुन्छ।

**केही उदाहरण** :

१) जसो हुर्को बजायो, उसोइ पायो ।

२) जिउनाकी जन्ती मऱ्याकी मलामी ।

३) ढुङो खोजुन्ज्या देवता मिल्यो ।

४) नौली ब्वारीका नौ पुला घास ।

५) साख बजायो मुर्खलाई चोता गानो ।

६) माण्यानकी देवता नमाण्यान्की ढुङो ।

७) जम्माई देवताकी एकै ढोक ।

८) पशुपतिको जात, सिद्रा व्यापार ।

माथि प्रस्तुत गरिएका उखानहरुले लोक समुदायका व्यक्तिको धर्म, संस्कृतिप्रतिको आस्थालाई उद्घाटन गरेको देखिन्छ । १) व्यक्तिले अरुसँग जस्तो व्यवहार गऱ्यो उस्तै फल प्राप्त हुन्छ भन्ने सन्देश दिएको छ । त्यसैले अपेक्षाकृत रुपमा आफूले राम्रो फल प्राप्त गर्ने चाहना राख्यो भने जस्तोसुकै समय, परिवेश र परिस्थितिमा पनि असल र सही व्यवहार गर्नुपर्ने सङ्केत पनि उक्त उखानमार्फत गरिएको छ । २) लोकसमुदायमा बसोबास गरेका समाजका हरेक व्यक्तिहरु विवाह, व्रतबन्ध अन्य धार्मिक, सामाजिक, संस्कारमा सहभागी भई सहयोग गर्छन् भने समाजमा कुनै व्यक्तिको मृत्यु हुँदा मलामी जान समेत चाहिन्छन् भन्ने सङ्केत गरेको छ । ३) आफूले सधैँ राम्रो कर्म र असल व्यवहार गरेपछि सामान्य वस्तु खोज्दा पनि बहुमुल्य वस्तु प्राप्त गर्न सकिने सन्देश बोकेको छ । ४) लोक समुदायमा विवाह गरेर भित्रिएको केही दिन बुहारीलाई राम्रो व्यवहार गर्ने तर त्यसपछि उसकै वास्तविक धरातलमा बाँच्नुपर्ने वा बुहार्तन सहेर बस्नुपर्ने शिक्षा दिएको छ । ५) समाजका अनपढ र अबुझ व्यक्तिलाई बहुमूल्य वस्तुको महत्व थाहा नहुनु भन्ने सङ्केत गरेको छ । ६) लोक समुदायमा परापूर्व समय देखिका स-साना धार्मिक, अनुष्ठानहरु, मन्दिरहरु बनाइएका हुन्छन् ती ढुङ्गा र सामान्य जस्ताले निर्मित हुन्छन् । मनैदेखि आस्था राख्ने व्यक्तिले ती ढुङ्गाको मूर्तिमा पनि देवता भेट्छन् र त्यस्ता व्यक्तिले पुजा अर्चना गर्छन्, तर नास्तिक वा कुनै कुराको पनि विश्वास नगर्ने व्यक्तिका लागि ढुङ्गा फगत ढुङ्गा नै हुन्छ भन्ने नैतिक शिक्षा उक्त उखानले दिएको छ । ७) लोक समुदायका व्यक्तिहरुले घर घरमा तेत्तिस कोटी देवताहरुले वास गरेको विश्वास बोकेका हुन्छन् र विभिन्न माङ्गलिक कार्यमा तेत्तीस कोटी देवी देवताहरुलाई पुकारेर मनोकामना पूरा गरिदिनु भनी ढोग गर्दछन् । त्यसैले सबैलाई एकै किसिमको सम्मान व्यक्त गरेको विचारको प्रस्तुत्ति गरिएको छ । ८) राम्रो र आस्थावान् ठाँउमा जाँदा दुईटा कुरा सँगसँगै मिल्ने सङ्केत गरिएको छ ।

**जीवजन्तु र प्रकृति सम्बन्धी उखान**

प्रकृतिको सामीप्यमा रहेका जीवजन्तु, प्रकृतिका विभिन्न पक्ष, पशुपन्छी सम्बन्धी उखानहरु पनि लोक समुदायमा प्रशस्त मात्रामा देखिन्छन् । परापुर्व कालदेखि व्यक्तिहरु जीवजन्तु, पशुपन्छी र प्रकृतिकै बीचमा बाँचेका छन् । केही उदाहरण :

१) ह्युना केला, बैरीका चेला ।

२) काम गद्ये कालु, मकै खाने भालु ।

३) अगाइना बामुन भुइसाइनी खीर ।

४) उजड्डी किर्मुली प्वाँख ।

५) वेल पाक्यो कौवालाई हर्ष न विस्मात् ।

६) तेरा हात मुसोइन मद्धो ।

७) दुध दिने गाईकी लात्ती सही ।

८) धान खान्या मुसो, कुटाइ पाउन्या भ्यागुतो ।

९) विना राका मोरा ।

१०) बाँदरको पुच्छर लौरो न हतियार ।

११) बाघ बुढो स्याल ज्वान ।

प्रकृति, जीवजन्तु र पशुपन्छीलाई विषयवस्तु बनाएर त्यसलाई सहज भाषामा उखानमा ढाल्दै लोकसमुदायले त्यसको भाषालाई मिठासयुक्त र मनोरञ्जनपूर्ण बनाइएको हुन्छ । जसले केही न केही सन्देश बोकेकै हुन्छ । १) चिसोयामको केराले शरीरमा असहज हुने र अस्वस्थ हुने भएकोले हिउँदका केरा खानु उपयुक्त हुदैँन भन्ने सङ्केत गरेको छ र शत्रुका छोरा कहिले पनि आफ्ना जस्ता हुदैनन् भन्ने अर्थबोध भएको छ । यसरी हिउँदका केरा र शत्रुका छोरा उस्ता उस्तै हुन्, यिनीहरु दुवैले अरुको भलो गर्दैनन् भन्ने सन्देश उक्त उखानले बोकेको छ । २) परिश्रम, मेहनत र पसिना एक व्यक्तिले चुहाउने तर त्यसको फल प्राप्ति भने अर्को व्यक्तिले गर्ने हुँदा परिश्रम गर्ने व्यक्तिलाई घाटा हुने भाव बोकेको छ । ३) भोक लागेको पेटमा र अभावमा जस्तोसुकै खानेकुरा पनि मिठो हुन्छ तर मिठो, मसिनो खाएर पेट टम्म भरिसकेपछि त्यही मिठो खाना पनि वेस्वादको हुन्छ र खानामा भैसीको बास्ना आएको जस्तो अनुभव हुन्छ भन्ने व्यङ्ग्यात्मक अर्थ उक्त उखानबाट लगाउन सकिन्छ । ४) बिग्रने बेला वा सत्बुद्धि नहुने व्यक्तिमा गलत किसिमको आचरण, व्यवहारहरु देखिन्छन् भन्ने सङ्केत गरिएको छ । ५). कुनै व्यक्ति लाई काम नलाग्ने वस्तु भेट्टियो भने त्यो व्यक्तिलाई त्यो वस्तुको खासै महत्व हुँदैन र फाइदा पनि पुऱ्याउँदैन भन्ने भावको सङ्केत उक्त उखानबाट दिन खोजिएको छ । ६) धेरै बोल्ने र काम थोरै गर्ने व्यक्तिको आचरणलाई लिएर लोकसमुदायमा उक्त उखानको प्रस्तुति गरिन्छ । जसले काम गर्ने भन्दा पनि बोल्ने व्यक्तिलाई सङ्केत गर्दछ । ७) जसले आड, भरोसा, साहस दिन्छ र दुःख, अभाव वा अप्ठ्यारो समयमा सहयोग गर्छ, उसले दुईचार कुरा भनिहाले पनि सहनुपर्दछ भन्ने लोकविश्वास रहेको पाइन्छ । ८). गल्ती एक व्यक्तिले गर्ने ऊ राम्रो देखिने तर त्यसको असर अर्को व्यक्तिलाई पर्ने खालको भाव बोकेको उखान लोक समुदायमा हरेक सन्दर्भमा निकै प्रचलित देखिन्छ । ९) घरको मुली व्यक्तिको संस्कारमा नहुर्केका सन्तानहरु इत्रतत्र, सर्वत्र छरिन्छन्, आफू खुसी बाँच्न चाहन्छन् तर उनीहरुमा सही र गलत छुट्याउने सामर्थ्य हुँदैन भन्ने सङ्केत माथिको उखानबाट गरिएको छ । १०) बाँदरको

पुच्छर जति लामो भए पनि त्यसले मानिसलाई कुनै फाइदा नपुग्ने न लौरो बनाएर टेक्न मिल्ने न हतियार बनाएर उपयोग गर्न सकिन्छ भन्ने भाव बोकेको पाइन्छ। ११) बाघ जतिसुकै बुढो भए पनि ऊ आफ्नो वंशाणुगत गुणका कारण तन्नेरी स्यालभन्दा निकै बलियो र चलाख हुन्छ। जतिसुकै सामर्थ्य लगाउन खोजे पनि बलियो व्यक्तिलाई कमजोर वा निर्धो व्यक्तिले कहिल्यै हराउन सक्दैनन् भन्ने उक्त उखान पुर्चौडी क्षेत्रको लोक समुदायमा निकै प्रचलनमा रहेको छ। यसरी लोकसाहित्यको दृष्टिले पुर्चौडि क्षेत्र निकै धनी रहेको छ। लोकसाहित्यलाई जीवन्त राख्न तथा यसको संरक्षण, सम्बर्धन गर्न पुस्तान्तरण गर्नु आवश्यक देखिन्छ।

## निष्कर्ष

लोकसमुदायका व्यक्तिका अनुभवबाट खारिएको, लोकविश्वासले भरिपूर्ण, नैतिक सन्देश बोकेको सत्य वा उपयोगी विचारको सूत्रात्मक अभिव्यक्तिलाई उखान भनिन्छ। लोकसमुदायले व्यक्त गर्ने लोकसमुदायको एक महत्वपूर्ण र रोचक विधा उखान छोटो, मिठो, बहुअर्थी, रोचक र विशिष्ट प्रकारको हुने गर्दछ। उखान इतिहास, प्रकृति, जीवजन्तु, पौराणिक कथनमा आधारित संक्षिप्त र सारगर्भित लोक प्रचलित कथन हो। परम्परादेखि एकपुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुदैँ आएका उखानहरु समयअनुसार तिनले दिने अर्थ, भाव र ज्ञानका आधारमा थपिने र लोप हुने क्रम चलिरहेको छ। पुर्चौडी क्षेत्रमा विभिन्न प्रकारका उखानहरुको प्रयोग गरिने भए तापनि प्रस्तुत आलेखमा विषयगत वर्गीकरणमा मात्रै सिमित पारिएको छ। पुर्चौडी क्षेत्रमा उखानलाई आइन भन्ने प्रचलन रहेको छ। कुनै पर्व विशेषमा, महिलाहरु मेलापात गर्न जाँदा, बिहे, ब्रतबन्धमा र खासगरी लोकसमुदायका व्यक्तिहरु जम्मा भएको स्थानमा सन्दर्भ र प्रसङ्गअनुसार उखानको प्रयोग गरिन्छ। यसरी समूहमा प्रयोग गरिने ज्ञान, संस्कार, हाँसो, ठट्टा र पर्याप्त मात्रामा मनोरञ्जन प्राप्त गर्न सकिन्छ। विषयका आधारमा लोकविश्वास सम्बन्धी, नैतिक शिक्षासम्बन्धी उखानहरुमा महिलालाई होच्याउने किसिमका, छुवाछुतसम्बन्धी, सामाजिक सद्भाव बिगार्ने प्रकारका, शारीरिक रुपमा असमान्य व्यक्तिहरुलाई विभेद गर्ने खालका, भाग्यवादमा विशवास गर्ने किसिमका उखानहरु सङ्कलन गरिएको भए तापनि यस्ता उखानहरुलाई प्रश्रय दिनु हुदैँन भन्ने उद्धेश्यले प्रस्तुत आलेखमा त्यस्ता उखानहरुको भने समावेश गरिएको छैन। यसरी उखान प्रयोगको स्रष्टा, संवाहक, लोकसमुदायकै व्यक्ति हुने भएकाले पुर्चौडी क्षेत्रको उखानहरु त्यहीका जनजीवनका अभिव्यक्ति हुन्, अनुभूति हुन्। सरल, संक्षिप्त, जीवन्त, व्यङ्ग्यात्मक, बहुअर्थी उखानहरुको रचनाकार भने अज्ञात नै रहेको पाइन्छ।

## सन्दर्भ सामाग्री सूची

अनुपम, विराट (सन् march 8, 2017 mysansar) महिलालाई होच्याउने उखान. https://mysansar.com/2017/03/26564/

उप्रेती, अरुणा (२०७७ असोज २६ अनलाइनखबर). *जब उखानले अपमानित गर्छ.* https://www.onilekhabar.com/2020/10/903246

ओझा, जगदीश (२०५५).। *डोटेली उखान : एक चर्चा.* मर्यादा अङ्क ३. पृ.११६ कञ्चनपुर : सुदूरपश्चिमाञ्चल शास्त्रानुसन्धान परिषद् ।

तिमिल्सिना, बाबुराम (सन् २०१९) । *संस्कृत सूक्ति र नेपाली लोकोक्तिको तुलनात्मक अध्ययन र विश्लेषण.* विद्यावारिधि शोधप्रबन्ध : बनारस हिन्दु विश्वविद्यालय ।

थापा, धर्मराज र हंसपुरे, सुवेदी ( सन् १९८५) । *नेपाली लोक साहित्यको विवेचना,* पाठ्यक्रम विकास केन्द्र ।

पराजुली, कृष्णप्रसाद (२०६९) । *नेपाली उखान र गाउँखाने कथा,* रत्न पुस्तक भण्डार ।

पराजुली, मोतीराम र गिरी, जीवेन्द्र (२०६८) । *नेपाली लोकसाहित्यको रुपरेखा,* साझा प्रकाशन ।

पोखरेल, बालकृष्ण (२०५५) । *राष्ट्रभाषा,* साझा प्रकाशन ।

बन्धु, चुडामणि (२०७४) । *नेपाली लोकसाहित्य,* एकता बुक्स ।

भाइसाव, वासुदेव (२०६६) । *डोटी प्रदेशको लोकवाङ्मय कोश,* साझा प्रकाशन ।

रसाइली, मनिता (सन् २०१७) *नेपाली उखानमा नारी.* दर्शनाचार्य शोधप्रबन्धः सिक्किम विश्वविद्यालय ।

राजेन्द्र सिंह (२०७२) । *डोटेली लोकोक्तिमा आइन, किस्सा र टुक्का.* नेपाली लोकवार्ता भाग २. पृ. २५६, भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

लम्साल, अमृता (बैशाख २६, २०८० सेतोपाटी). *विभेदकारी उखान-टुक्का.* https://www.setopati.com/blog/301619

लामिछाने, कपिलदेव (२०७७) । *लोकसाहित्य सिद्धान्त.*, एकता बुक्स ।

ज्ञवाली, राम (२०७९ कार्तिक १ उज्यालो आवाज).। शिवप्रसाद पौड्यालको लोककथा सन्दर्भका नेपाली उखानलाई नियाल्दा. https://ujyaaloaawaj.com/archives/12019